नेपाल सरकार

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि विकास)

सिंहदरबार, काठमाडौं ।

## स्थानीय तहमा कामकाज गर्न निवेदन दिने बारेको सूचना

मिति २०७५।०१।०५

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।१२।१४ को निर्णय बमोजिम स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी स्वीकृत भएको छ । सो दरवन्दी अनुसार जनशक्ति खटाई स्थानीय तहको सेवा प्रवाहलाई सुचारु बनाउनका लागि स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड २०७४ बमोजिम स्थानीय तहमा कामकाज गर्न इच्छुक कर्मचारीहरुलाई मिति २०७५।०१।१९ भित्र अनुसूची १ बमोजिम निवेदनको ढाँचा भरी सम्बन्धित कार्यालय मार्फत निवेदन पेश गर्नको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन दिने तरिकाः

१. काठमाडौं उपत्यका भित्रका निकायमा कार्यरत कर्मचारीले तोकिएको ढाँचामा आफू कार्यरत निकाय/कार्यालयमा निवेदन दिनु पर्देछ । सम्बन्धित निकाय/कार्यालयले सो निवेदन बुझि त्यस्ता निवेदनहरुलाई निवेदन दिने अवधि समाप्त भएको ३ दिन भित्र निवेदनको सूची सहित कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि विकास) मा पठाउनु पर्नेछ ।

२. काठमाडौं उपत्यका बाहिरका निकायमा कार्यरत कर्मचारीले तोकिएको ढाँचामा आफू कार्यरत निकाय/कार्यालयमा निवेदन दिनु पर्नेछ । सम्बन्धित निकाय/कार्यालयले सो निवेदन बुझि त्यस्ता निवेदनहरुलाई निवेदन दिने अवधि समाप्त भएको ३ दिन भित्र कृषि विभाग, हरिहरभवनमा पठाउनु पर्नेछ । कृषि विभागले त्यसरी प्राप्त भएको निवेदकको विवरण तयार गरी प्राप्त भएको मितिले ३ दिन भित्र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि विकास) मा पठाउनु पर्नेछ ।

३. स्थानीय तहमा कर्मचारी खटाउँदा "स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड, २०७४" मा उल्लेख भएको आधार बमोजिम खटाईनेछ ।

४. तपसिलका कर्मचारीहरुको हकमा निम्न व्यहोरा अनुसूचीको द्रष्टव्यमा खुलाई पेश गर्नुपर्नेछ ।

   क. पति पत्नी दुवै निजामती कर्मचारी भएको हकमा आफ्नो पति वा पत्निकोः
      - कर्मचारीको नामः
      - संकेत नं.:
      - कार्यरत कार्यालयः

   ख. एक वर्ष भन्दा साना शिशु भएको महिला कर्मचारीहरुको हकमा जन्म दर्ताको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

   ग. नेपाल सरकारको निर्धारण गरेका कडा रोग लागेका कर्मचारीहरुको हकमा सो रोगसँग सम्बन्धित कागजात ।

५. सि.नं. ४ को खण्ड ख. र ग. मा उल्लेखित विवरणसँग सम्बन्धित कागजातहरुको प्रतिलिपि अनुसूची १ को निवेदनसँग पेश गर्नुपर्नेछ ।

६. कर्मचारीले आफू खटिन चाहेको स्थानीय तहको नाम प्राथमिकताको आधारमा कम्तिमा ५ जिल्लाका १५ स्थानमा अनुसूचि १ बमोजिम फाराममा उल्लेख गर्नुपर्नेछ ।

शाखा अधिकृत          उप-सचिव          सचिव

अनुसूची — १

## स्थानीय तहमा कामकाज गर्ने खटाउने प्रयोजनका लागि दिइने निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू,
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि विकास), सिंहदरबार ।

कर्मचारी समायोजन ऐन, २०७४ एवं नियमावली, २०७४ बमोजिम स्थानीय तहमा कामकाज गर्ने गरी कर्मचारी व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको स्थानीय तहमा रही कामकाज गर्ने ईच्छा रहेको हुँदा प्रचलित ऐन/नियम तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकतामा रहेको स्थानीय तहमा कामकाज गर्ने गरी खटाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम थरः-**

**क.सं.नं.:-**

**सेवा/समूहः-** **पदः-** **श्रेणीः-**

**पदाधिकार रहेको कार्यालयः-**

**हालको पदमा नियुक्ति मितिः-**

**जन्म मितिः-**

**स्थायी ठेगानाः** **प्रदेशः**

**जिल्लाः**

**गा.पा./न.पा.**

**मोबाइल नं.:**

**ईमेलः**

**<u>सरुवा हुन चाहेको स्थानीय तह (प्राथमिकताका आधारमा)</u>**

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

१. निवेदनको Scan Copy

२. कर्मचारी परिचयपत्रको Scan Copy

**द्रष्टव्यः**

कर्मचारीको नामः

संकेत नं.:

कार्यरत कार्यालयः

...............................
निवेदकको दस्तखत

मितिः..........................